मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ९ गते बुधबार (Wednesday, 24 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

स्कुटरमा लिफ्ट दिंदा ...

झापा, साउन ८। सवारी साधनमा हिंड्दा के तपाई अपरिचित व्यक्तिलाई लिफ्ट दिँदै हुनुहन्छ ? यदि हुनुहन्छ भने बिचार गर्नुहोस् । झापाको मेचीनगर ५ का २२ वर्षीय पूजन श्रेष्ठको स्कुटर लिफ्ट दिएकै आधारमा लुटिएको छ । उनको प्रदेश नं. १-०१-०१५प-३४४८नम्बरको स्कुटर हल्दिवारीको भेलागुडी जङ्गलमा लुटिएको हो ।

हल्दीबारीस्थित घरसम्म पुऱ्याइदिन सहयोग मागेका एक अपरिचित व्यक्तिले स्कुटर चालकलाई नै बेहोस बनाई लुटेर लगेका हुन् । सोमबार जिल्ला प्रशासन कार्यालय भद्रपुरमा भेट भएका विनोद राजवंशी बताउने

(बाँकी अन्तिम पृष्ठमा)

पन्ध्र अर्बको चिया, अलैची र अदुवा निर्यात

झापा, साउन ८। पूर्वीनाका काकरभिट्टाबाट आर्थिक वर्ष २०८०/०८१ मा रु. १५ अर्ब ३३ करोड १७ लाख ५३ हजार मूल्य बराबरको अलैंची, चिया, अदुवा र अम्रिसो भारत निर्यात भएको छ । उक्त अवधिमा रु. १८ अर्ब ९५ करोड ७८ लाख ८५ हजार बराबरको कृषिजन्य वस्तु भारत निर्यात भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा काँकरभिट्टाबाट रु. छ अर्ब ९८ करोड ८८ लाख मूल्यको जैविक चिया भारत निर्यात भएको क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चनद्रेश्वर यादवले बताए । यो नाकाबाट सबैभन्दा धेरै अलैंची, चिया, अदुवा र अम्रिसो निर्यात भएको छ । सोही अवधिमा ११ हजार ६४८ मेट्रिक टन चिया निर्यात भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा यही नाका भएर रु. छ अर्ब ५२ करोड १७ लाख मूल्य बराबरको चार हजार ५१० मेट्रिक टन अलैंची भारत निर्यात भएको छ । सूचना अधिकारी यादवका अनुसार उक्त अवधिमा रु. एक अर्ब २४ करोड आठ लाख ५० हजार मूल्य बराबरको नौ हजार ५४५ मेट्रिक टन अम्रिसो भारत निर्यात भएको छ ।

पहाड र तराईमा उत्पादन हुने अदुवा ठूलो परिमाणमा निर्यात हुने कृषिवस्तुमध्ये एक हो । आव २०८०/८१ मा काँकडभिट्टाबाट रु. ५८ करोड चार लाख तीन हजारको अदुवा निर्यात भएको सूचना अधिकारी यादवले राससलाई जानकारी दिए ।

अर्थतन्त्रका ४६ चुनौती

सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक

काठमाडौँ, साउन ८। मुलुकको अर्थतन्त्रका देखिएका चुनौती र समाधानका उपायबारे अर्थमन्त्रालयका कर्मचारीहरुले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई 'ब्रिफिङ' गरेका छन् ।

मन्त्रालयले मंगलवार प्रेस नोट जारी गर्दै विभिन्न चुनौती पहिचान भएका र ती चुनौती समाधानका लागि चाल्नुपर्ने कमदबारे पनि अर्थमन्त्री पौडेललाई जानकारी गराइएको उल्लेख गरेको छ ।

अर्थमन्त्रालयका नजरमा नेपालको अर्थतन्त्रमा विशेष गरी ४६ वटा चुनौती छन् । ती चुनौतीलाई सामना गर्न २९ वटा क्षेत्रमा कदम चाल्न जरुरी छ- मन्त्रालयको प्रेस नोटमा भनिएको छ, - अर्थतन्त्रमा देखा परेका चुनौती र तिनलाई सामना गर्ने उपाय सम्बन्धी अर्थमन्त्रालयका सचिव र सहसचिवले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ब्रिफिङ गरिसकेका छन् । उपप्रधान तथा अर्थमन्त्री पौडेलले समस्या र चुनौतीहरुको प्राथमिकीकरण गरी समाधान गर्दै अघि बढ्ने बताएका छन् ।

मन्त्रालयले पहिचान गरेका चुनौती

विद्यमान अर्थतन्त्रमा विभिन्न ४६ वटा चुनौती रहेको मन्त्रालयले जनाएको छ । साधन-स्रोत उपलब्धताको अनुपातमा आर्थिक क्षेत्रको वृद्धि कम हुनु, बचत, उपभोग र लगानी वृद्धि दर न्यून रहनु, वित्तीय क्षेत्रको साधन स्रोत पर्याप्त मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, आयात/निर्यात अनुपात उच्च रहनुलगायतका चुनौती पहिचान भएका हुन् ।

त्यस्तै, आर्थिक वृद्धि अस्थिर एवम् न्यून रहेको, बढ्दो लगानी आवश्यकता र न्यून कुल ग्राहस्थ्य बचत रहेको, औसत पुँजी प्रतिफल अनुपात तुलनात्मकरुपमा उच्च रहेको, तीव्र आन्तरिक बसाइँसराइँका कारण हिमाली, पहाडी एवम् ग्रामीण क्षेत्रको जनसंख्या घट्दो क्रममा रहेको मन्त्रालयले जनाएको छ ।

आर्थिक वृद्धिमा उत्पादनशील क्षेत्रको योगदान कमजोर रहेको, अर्थतन्त्रको संरचनागत चुनौती, न्यून कुल ग्राहस्थ्य बचतः कुल ग्राहस्थ्य उत्पादनको औसत १० प्रतिशतभन्दा कम हुनु, न्यून दरको आर्थिक वृद्धि, न्यून उत्पादकत्व, औद्योगिक क्षेत्रको योगदान घट्दै गएको लगायतका विषयलाई पनि मन्त्रालयले अर्थतन्त्रका विद्यमान समस्याका रुपमा पहिचान गरेको छ ।

त्यस्तै, आयातमा आधारित राजश्व व्यवस्था हुनु, कमजोर निकासी र बढ्दो व्यापार घाटा, राजश्व र खर्चको वृद्धि अझै न्यून रहनु, पुँजीगत खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति, ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनुलाई समस्याका रुपमा देखाइएको छ ।

विकास पूर्वाधारमा लगानीका लागि वित्त बचत (फिस्कल स्पेस) न्यून रहनु, राजश्व परिचालन अनुमानयोग्य हुन नसक्नु र लक्ष्य बमोजिम राजश्व असुली हुने नसक्नु, आयातमा आधारित राजश्व उच्च रहेको हुँदा राजश्व परिचालनलाई दिगो बनाउनु चुनौती रहनु, संस्थानमा ऋण लगानीको प्रतिफल कमजोर

(बाँकी अन्तिम पृष्ठमा)

पूर्व मुख्यमन्त्री कार्कीविरुद्ध उजुरी

विराटनगर, साउन ८। कोशी प्रदेशका पूर्व मुख्यमन्त्री केदार कार्कीविरुद्ध उजुरी दर्ता भएको छ । सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले शान्ति सुरक्षाको माग गर्दै पूर्व मुख्यमन्त्री कार्कीविरुद्ध जिल्ला प्रहरी कार्यालय मोरङमा निवेदन दिएका हुन् ।

आफूलाई पूर्व मुख्यमन्त्री कार्कीले कुटपिट गर्ने धम्की दिएपछि असुरक्षित भएको जनाउँदै प्रमुख जिल्ला अधिकारी समक्ष शान्ति सुरक्षा माग गरेका हुन् ।

पूर्व मुख्यमन्त्री कार्कीले आफूलाई सोमवार साँझ ४ बजेर ५३ मिनेटमा फोन गरेर कुटपिट गर्ने र शौचालयमा थुन्ने धम्की दिएको निवेदनमा उल्लेख छ । जिल्ला प्रशासन कार्यालय मोरङ र प्रदेश प्रमुख सचिव केदारनाथ शर्मासमक्ष भट्टराईले सुरक्षाको माग राख्दै निवेदन दिएका हुन् । पूर्वमुख्यमन्त्रीले नै कुटपिट गर्ने धम्की दिएपछि आफू असुरक्षित भएकाले सुरक्षाको माग राख्दै निवेदन दिएको भट्टराईले बताए ।

'पूर्वमुख्यमन्त्रीले फोन गरेर तँलाई चुट्दै शौचालयमा लगेर थुन्छु भन्नुभयो । मलाई असुरक्षा भयो मैले सुरक्षाको माग राख्दै निवेदन दिएको हुँ '- मन्त्रालयका सचिव भट्टराईले भने ।

विराटनगरमा सञ्चालन भएको विराट गोल्ड कपको पैसा मन्त्रालयले नदिएर असहयोग गरेको भन्दै आफूलाई धम्की

(बाँकी अन्तिम पृष्ठमा)

जुवा खेल्दाखेल्दै गाउँपालिका अध्यक्षसहित २३ जना पक्राउ

इटहरी, साउन ९। सुनसरीको इटहरी उपमहानगरपालिका-८ शहीद टोल बस्ने पृथ्वीराज खड्काको घरमा जुवातास खेलिरहेको सात जनालाई पक्राउ गरिउको छ ।

सीआरभी बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २६ हजार ६ सय ५ रुपैयाँ र ३ बुक तासहित पक्राउ गरेको हो ।

उता काभ्रेको पनौती नगरपालिका-७ स्थित एक घरमा जुवातास खेलिरहेका ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पनौती बसपार्क नजिकै दुर्गाबहादुर घलानको घरमा जुवातास खेलिरहेका घलानसमेत ६ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय काभ्रेबाट खटिएको प्रहरीले उनीहरूलाई २३ हजार ३ सय ५५ रुपैयाँ र १ सय ६१ पत्ती तासहित पक्राउ गरेको हो ।

अध्यक्ष नर्वु

त्यसैगरी रसुवाको नौकुण्ड गाउँपालिकाका अध्यक्ष नुर्वु स्याङबो घले जुवाखालबाट पक्राउ परेका छन् । कपनस्थित जुवा खालबाट घलेसहित १० जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

जुवा खालबाट प्रहरीले १ लाख ३६ हजार बरामद गरेको छ । आरोपीहरुलाई प्रहरी वृत्त बौद्धले जुवा मुद्दामा म्याद लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

नुर्वु यसअघि मानव बेचबिखन आरोपमा पनि पक्राउ परेका थिए । २०८० चैतमा मानव बेचबिखन ब्युरोले उनलाई पक्रेर अनुसन्धान गरेको थियो ।

हल्दिवारीमा घरनक्सा नापजाँच गर्ने बहानामा रकम असुलेपछि ...

हल्दीबारी, साउन ८। अपरिचित व्यक्तिहरुले झापाको हल्दीबारी गाउँपालिका भित्र घरनक्सा नापजाँच गर्न आएको भन्दै रकम असुलेको गुनासोप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

केही दिनदेखि हल्दीवारी गाउँपालिका भित्र 'हामी घरनक्सा नापजाँच गर्न गाउँपालिकाले पठाएर आएका मान्छे हौं' भन्दै केही अपरिचित व्यक्तिहरु घर-घर पसेर घरनक्सा नापजाँच गर्ने तथा अवैध तरिकाले रकम असुलसमेत गरेको जानकारी एवम् गुनासाप्रति गाउँपालिकाको ध्यानाकर्षण भएको जनाएको हो ।

गाउँपालिकाले कुनैपनि व्यक्ति, संघ/संस्था तथा फर्महरुलाई घरनक्सा नापजाँच गर्ने प्रयोजनका लागि कतै नपठाएको एक सूचना जारी गर्दै जानकारी गराएको छ । पालिकाले आफ्नो घरको घरनक्सा बनाउन तथा नापजाँच गर्ने संस्था/फर्म रोज्ने अधिकार स्वयम् सम्बन्धित घरपरिवारलाई नै हुने ब्यहोरा जानकारी गराउँदै त्यस्ता अपरिचित ब्यक्तिहरु आएमा पहिचान गरी विना प्रमाण/आधार घरभित्र पस्न नदिन गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत राजन न्यौपानेले आग्रह समेत गरेका छन् ।

जारी सूचनामा भनिएको छ -'त्यस्ता अपरिचित ब्यक्तिहरु घरमा पसेर विना जानकारी घरनक्सा नापजाँच गर्ने तथा अवैध तरिकाले रकम असुल गरेको थाहा पाइएमा नजिकको प्रहरी चौकी, वडा कार्यालय, गाउँपालिकाको कार्यालयमा वा नजिकका जनप्रतिधिहरुलाई तुरुन्त खवर गर्नुहुन अनुरोध छ ।

विद्यार्थी चिकित्साशास्त्र पढ्न बाङ्लादेश किन जान्छन् ?

झापा, साउन ८। भक्तपुरकी अंकिता पाण्डेले गत वर्ष नेपालमा चिकित्साशास्त्र अध्ययनका लागि आवश्यक परीक्षा 'कमन इन्ट्रान्स एक्जाम' उत्तीर्ण गरिन् तर उनले नेपाली मेडिकल कलेजहरूमा भर्नाको कोटा बमोजिम स्थान पाउन सकिनन् ।

नेपालमा अध्ययनका लागि कोटाभित्र नपरे पनि उनी चिकित्साशास्त्र नै अध्ययन गर्न चाहन्थिन् । पारिवारिक सरसल्लाहमा उनीहरूले 'घरबाट नजिकै र पढाइ पनि राम्रो हुने' कलेज खोज्ने निर्णय गरे र शैक्षिक परामर्शदातृ संस्थाको सहयोगमा बाङ्गलादेशको एउटा कलेज रोजे । नेपाली भूमिबाट खासै धेरै टाढा नपर्ने र बसमै आवतजावत गर्दा पनि सहज हुने भएकाले मैले बाङ्गलादेशको रङ्गपुर कम्युनिटी मेडिकल कलेजमा पढ्ने निर्णय गरेँ,- उनले भनिन् । भारतीय सीमाबाट हाम्रो कलेज तीन/चार घण्टामा पुगिन्छ अनि भारतमा आएपछि त्यहाँबाट शिलगढी हुँदै काँकरभिट्टा आउन पनि धेरै समय लाग्दैन ।

विद्यार्थीले बाङ्गलादेश रोज्नुको कारण

उनले पढाइ राम्रो हुने, नेपालीसँग खानालगायतका कुरामा पनि मिल्ने, घर आउनका लागि सहज हुने लगायतका कारणले बाङ्गलादेशमा अध्ययनका लागि जाने निर्णय लिएको बताइन् । आपत् परिहाल्दा पनि सजिलै र चाँडै घर आइहाल्न सकिन्छ भन्ने हिसाबले पनि मैले त्यहाँ जाने निर्णय गरेकी हुँ,- उनले भनिन् ।

उनी बाङ्गलादेशमा आरक्षणविरोधी आन्दोलन चर्किएर हिंसात्मक बनेपछि नेपालको पूर्वीसीमा हुँदै घर फर्कन भद्रपुर विमानस्थल आइपुगेकी थिइन् । भद्रपुर विमानस्थलबाट टेलिफोनमा कुरा गर्दै उनले भनिन् -नजिकैको कलेज भएकाले यस्तो आपत्मा पनि हामीलाई गाडीबाटै आउन सजिलो भयो ।

उनीसँगै सोही कलेजमा अध्ययन गर्न गएकी भक्तपुरकै श्लेषा काफ्ले पनि नेपालमा भर्ना हुने अवसर नपाएपछि बाङ्गलादेश अध्ययनका लागि गएको बताउँछिन् । कोटा नपाएपछि बाङ्गलादेशमा पढाइ पनि राम्रो हुन्छ र नजिकै पनि हुन्छ भनेर त्यहाँ जाने निर्णय गरेका हौं,- उनले भनिन् । सोही कलेजमा अध्ययनरत र पाण्डे तथा काफ्लेसँगै स्वदेश फर्किँदै गरेकी ललितपुर इमाडोलकी सुशीला रानामगरको पनि बाङ्गलादेश रोज्नुको कारण लगभग उस्तै छ । उनले भनिन्,- मैले पहिलो वर्ष नै इन्ट्रान्समा नाम त निकालेँ तर मेरिट अलि कम भएर नेपालमा भर्ना पाइनँ । यहाँ नपाएपछि सबैभन्दा राम्रो विकल्प कुन हो भन्दा बाङ्गलादेशको कुरा आएकाले म पनि त्यतै भर्ना भएँ । उनीहरू तीनै जना एक महिनाअघि मात्र बाङ्गलादेशको मेडिकल कलेजमा अध्ययनका लागि गएका हुन् ।

नेपालमा किन भर्ना पाइँदैन ?

नेपालमा चिकित्सा शिक्षा सम्बन्धी प्रवेश परीक्षा अर्थात् 'कमन इन्ट्रान्स एक्जाम' लिने लगायतका काम चिकित्सा शिक्षा आयोगले गर्ने गर्छ ।

सबै विद्यार्थीहरूले भर्ना नपाउनुको कारणबारे आयोगका उपाध्यक्ष प्राध्यापक डा. अञ्जनीकुमार झा भन्छन्, -संसारमा कहीँ पनि कुनै पनि विषय पढ्न चाहेका सबै विद्यार्थीले भर्ना पाउने अवस्था हुँदैन । त्यो अनुसार कलेज हुन्छन् नै भन्ने पनि हुँदैन । नेपालमा मेडिकल पढ्न चाहने विद्यार्थीको सङ्ख्या धेरै छ तर कलेज र त्यसमा पाइने कोटा थोरै छ । त्यसले गर्दा सबैले भर्ना नपाएका हुन् ।

आयोगका अधिकारीहरूले दिएको जानकारी अनुसार नेपालमा बर्सेनि करिब ६ हजार विद्यार्थीहरूले प्रवेश परीक्षामा नाम निकाल्छन् । त्यसरी नाम निकाल्नका लागि न्यूनतम् अङ्क ल्याउने भन्दा पनि परीक्षा दिनेमध्ये आधाको मात्र नाम निकालिने र त्यसो गर्दा जसले उच्च अङ्क ल्याउँछन् उनीहरूको मात्र नाम निस्कने अवस्था रहने अधिकारीहरूको भनाइ छ । नाम निकाल्ने विद्यार्थी ६ हजारको हाराहारी हुन्छन् यहाँ हामीसँग सरकारी तथा निजी गरेर २१ वटा कलेजहरूमा दुई हजार जतिको मात्र कोटा छ- झाले भने । त्यो भनेको छात्रवृत्ति र आफ्नै खर्चमा पनि पढ्न पाउने विद्यार्थीहरूको सबैको सङ्ख्या भएको उनले जानकारी दिए ।

प्रवेश परीक्षामा नाम ननिकाल्ने पनि बाङ्गलादेश जान पाउँछन् ?

कतिपयले नेपालको प्रवेश परीक्षामा नाम निकाल्न नसकेका विद्यार्थीहरू बाङ्गलादेश जाने गरेको भनेर 'गलत धारणा' बनाएको र त्यसैअनुसार गलत प्रचार गरिरहेको झाको भनाइ छ । त्यो चाहिँ सरासर गलत कुरा हो, नेपालमा कमन इन्ट्रान्स एक्जाममा नाम ननिकालेको मान्छेले संसारको जुनसुकै देशमा गएर पढ्छु भन्दा पनि अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) पाउँदैनन्- उनले भने ।

त्यो नभइकन 'नो अब्जेक्सन लेटर' एनओसी पाउँदैनन् । एनओसी नभइकन विदेशमा पढ्न जान पाइँदैन । त्यसो भए नाम निकालेका ६ हजारमध्ये लगभग चार हजार जति अध्ययनका लागि विदेश नै जान्छन् त ? भन्ने प्रश्नमा झा भन्छन्, - त्यसमध्ये कैयौँले दुई/तीनतिर नाम निकालेका हुन्छन् । कतिले मेडिकल नै नपढ्ने भनेर छाड्छन् त्यसैले चारै हजार जान्छन् भन्न सकिँदैन ।

बाङ्गलादेशमा पढाइ सस्तो छ ?

कतिपयले नेपालको तुलनामा बाङ्गलादेशमा चिकित्साशास्त्र अध्ययन सस्तो भएकाले विद्यार्थी उता गएको पनि बताउने गर्छन् । जानकारहरूका भनाइमा चाहिँ अवस्था त्यस्तो पनि छैन । नेपालबाट बाङ्गलादेशमा जानका लागि शैक्षिक परामर्शदातृ संस्थाहरूमा प्रक्रिया थाल्दादेखि उताको कलेजको भर्ना र त्यहाँको अन्य खर्च सबै हिसाब गर्दा लगभग नेपाल र बाङ्गलादेशमा चिकित्साशास्त्र अध्ययन गर्न उस्तै पर्न जाने उनीहरू बताउँछन् ।

भक्तपुरबाट अध्ययनका लागि बाङ्गलादेश गएकी विद्यार्थी पाण्डे भन्छिन्,- हामीले डलरमा भर्ना शुल्क र अन्य कुरा तिर्नुपर्छ । सबै हिसाब गर्दा नेपालको र उहाँको खर्च उस्तै पर्न जाने

(बाँकी अन्तिम पृष्ठमा)

एम्बुलेन्सको रङ र साइरनमा एकरूपता

AMBULANCE
AMBULANCE

काठमाडौँ, साउन ८। स्वास्थ्य मन्त्रालयले देशभर गुड्ने एम्बुलेन्सको रङ, साइरन र अन्य संकेतहरू ल्याउने तयारी अघि बढाएको छ । राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ को दफा १५ ले निर्देशित गरेको मापदण्डमा एकरूपता नआएको भन्दै यस्तो तयारी गरेको हो ।

मन्त्रालयले सबै प्रदेश तथा जिल्लाहरूलाई गराएको जानकारी पत्रमा भनिएको छ- देशभर रहेका सबै एम्बुलेन्सको रङ, साइरन तथा एम्बुलेन्समा प्रयोग हुने अन्य संकेत समेतमा एकरूपता ल्याउन राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा १५. ले निर्देशित गरेको मापदण्डमा एकरूपता नआएको भन्ने जनगुनासो आइरहेको उल्लेख छ ।

यस सम्बन्धमा राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिबाट एम्बुलेन्स सञ्चालनको अनुमति लिएका एम्बुलेन्सहरूले निर्देशिकाको दफा १५. बमोजिमको मापदण्ड पूरा गरेको अवस्थामा मात्र सबै जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले

(बाँकी अन्तिम पृष्ठमा)

बुबाको हत्या, छोरा पक्राउ

बिर्तामोड, साउन ८। आफ्नै बुबाको हत्या गरेको आरोपमा छोरालाई प्रहरीले पक्राउ गरेको छ। झापाको हल्दिबारी गाउँपालिका-२ पाराखोपी नजिकै ३० वर्षीय सुनिल राजवंशीलाई प्रहरीले पक्राउ गरेको हो।

सोमवार राति २ बजे स्थानीय ६३ वर्षीय बासु राजवंशी आफ्नै घरको आँगनमा रहेको लिचीको बोटमा शङ्कास्पद अवस्थामा झुन्डिएको अवस्थामा भेटिएका थिए। मृतकको टाउको र आँखामा चोट देखिएसँगै प्रहरीले छोरालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले बताए।

डिएसपी चन्द नेतृत्वको टोलीले ४ घण्टा लगाएर अनुसन्धान गरेपछि मृतक राजवंशीका छोरा सुनिललाई नियन्त्रणमा लिएको हो। झुन्डिएको अवस्थामा भेटिएका राजवंशीको टाउको, अनुहारसहित शरीरका विभिन्न भागमा चोट लागेको र अनुहारभरि रगत देखिएको वडा अध्यक्ष शुकलाल राजवंशीले बताए।

मृतक बासु र उनका छोराबीच राति झगडा भएको बताइएको छ। छोराको लुगामा समेत रगत भेटिएको डिएसपी चन्दले बताएका छन्।

युवतीमाथि जबरजस्ती करणी

खोटाङ, साउन ८। २२ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना पक्राउ परेका छन्। रावाबेसी गाउँपालिका-२ खार्पा बस्ने ३२ वर्षीय टेकबहादुर नेपालीलाई प्रहरीले पक्राउ गरेको हो।

नेपालीले ती महिलालाई आफ्नै घरमा लगी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको जानकारी दिएको छ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

नेपाली सेना : विपद् व्यवस्थापनदेखि सुत्केरीको उद्धारसम्म

काठमाडौँ, साउन ८। नेपाली सेनाले विशिष्ट व्यक्ति एवम् महत्वपूर्ण संरचना र प्रतिष्ठान गरी एक सय ५५ स्थानमा सेवा प्रवाह गर्दै आएको छ।

गत आर्थिक वर्षमा सेनाको बम डिस्पोजल टोलीले एक सय ५८ शङ्कास्पद वस्तु निष्क्रिय पारेको जनाएको छ। सेनाले राष्ट्रिय एकताको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकायसँगको समन्वयमा सांस्कृतिक, धार्मिक, ऐतिहासिक महत्वका गढी र किल्लाको संरक्षण गर्दै आएको छ। राष्ट्रिय एकीकरणका बेला प्रयोग भएका ऐतिहासिक पदमार्गको पहिचान गरी तिनको सम्भार र संरक्षण पनि सेनाले गरिरहेको नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले बताए।

विपद् व्यवस्थापनमा पनि अग्रपङ्क्तिमा रहेर नेपाली सेनाले आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको उनले बताए। सङ्घ र प्रदेशमा अभ्यास हातेमालो र देशका सबै जिल्लामा सरोकारवाला र सुरक्षा निकायको समन्वयमा प्रत्येक वर्ष 'अभ्यास मनसुन' सञ्चालन गरिरहेको छ। त्यस सिलसिलामा एक सय २५ सामुदायिक विपद् प्रतिकार्य तालिम र अभ्यासमार्फत एक वर्षमा तीन हजार तीन सय ९० जनालाई प्रशिक्षण दिएको उनले बताए। विपद् प्रतिकार्य योजनाअनुसार अत्याधुनिक स्रोत साधनसहित एक हजार एक सय २६ जनालाई विपद् व्यवस्थापन सम्बन्धी विशेष तालिम प्राप्त जनशक्ति मुलुकका २२ स्थानमा परिचालन भएका छन्। प्राकृतिक र मानव सिर्जित डढेलो, पहिरो, बाढी, डुबान र दुर्घटनाबाट हुनसक्ने जनधनको क्षति कम गर्न चार हजार चार सय ३८ जना परिचालन भएका छन्।

एक सय ५४ सुत्केरीको उद्धार

नेपाली सेनाको हवाई साधनबाट भएका उडानमध्ये ८५ प्रतिशत उद्धारमा प्रयोग भएका छन् गत आर्थिक वर्षमा गैरसैनिक नागरिक उद्धार एक सय ५४ वटा भएका थिए।

सेनाले राष्ट्रिय सुरक्षासँगै विपद् व्यवस्थापन, राष्ट्रिय विकास, आन्तरिक सुरक्षा, अन्तर्राष्ट्रिय शान्ति कार्य, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकता प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारमा आफूलाई समर्पित गर्दै आएको छ।

मुलुकको प्रमुख राष्ट्रिय सुरक्षा सङ्गठन नेपाली सेनाले नागरिकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने सिलसिलामा निःशुल्क स्वास्थ्य शिविर, सचेतानामूलक कक्षा, रक्तदान, सर्पदंश उपचार र श्रमदान कार्यमा समेत सहयोग पुर्‍याइरहेको छ। सेनाले वन तथा वन्यजन्तु संरक्षणका लागि आठ हजार एक सय ३६ फौज राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणको सुरक्षामा खटाएको छ। त्यसक्रममा हालसम्म एक सय १६ जनाले वीरगति प्राप्त गरेका छन्।

१६ लाख वृक्षरोपण

सेनाले वन तथा पर्यावरण संरक्षण गर्ने क्रममा हालसम्म १६ लाख १८ हजार पाँच सय ७५ विरुवा रोपिसकेको छ। देशको महत्वपूर्ण प्राकृतिक सम्पदाका रूपमा रहेका हिमालको सौन्दर्य कायम राख्न सेनाले प्रत्येक वर्ष सफा हिमाल अभियान सञ्चालन गरी त्यस क्षेत्रबाट फोहर सङ्कलन गर्दै आएको छ।

पछिल्ला वर्षमा सेनाले ऐतिहासिक तालतलैयाको संरक्षण र संवर्द्धनमा पनि नागरिकसँग हातेमालो गर्दै आएको छ।

सामसङको नेपाली ओलम्पिक खेलाडीलाई शुभकामना पठाउने प्लेटफम



बिर्तामोड, साउन ८। सामसङ कम्पनीले साथीहरुका लागि नेपाली ओलम्पिक खेलाडीलाई शुभकामना पठाउने प्लेटफर्म शुरु गरेको छ।

सामसङ, इलेक्ट्रोनिक्समा विश्वव्यापी अग्रणी कम्पनीले ओलम्पिक विन्टर गेम्स् नागानो १९९८ देखि ओलम्पिकसँगको वायरलेस सञ्चार उपकरण वर्गमा आधिकारिक विश्वव्यापी साझेदारको परम्परालाई जारी राखेको छ। यसपटक ग्यालेक्सी एआईद्वारा सञ्चालित नवीन प्रविधिमार्फत, पेरिस २०२४ ओलम्पिकसँगको सहकार्यमा, सामसङले खेलाडीहरू र साथीहरुबीचको सम्बन्ध बढाउने कार्यक्रम ल्याएको बताइएको छ।

नेपाली खेलाडीलाई समर्थन

नेपाली ओलम्पिक खेलाडीहरूलाई समर्थन देखाउँदै, सामसङ नेपालले आफ्ना मन पर्ने ओलम्पिक खेलाडीहरूसँग जनतालाई जोड्न समर्पित नयाँ वेबसाइट शुरु गरेको हो। यस प्लेटफर्मले पेरिस २०२४ ओलम्पिकको आफ्नो गौरव जित्ने यात्रामा रहेका नेपाली खेलाडीहरूलाई प्रोत्साहित गर्ने प्रयासमा खेलकुद प्रशंसकहरू र शुभचिन्तकहरूबाट व्यक्तिगत सन्देशहरू पठाउने सेवा सामसङद्वारा यस वेबसाइटबाट प्रदान गरेको छ। आफ्नो मन पर्ने खेलाडीलाई आफ्नो टेक्स्ट मेसेज पठाउन यो वेब पेजमा गएर त्यहाँ आफूलाई मन परेको खेलाडीलाई छानी आफ्नो सन्देश र नाम टाइप गरी पठाउनु पर्ने सामससङले जनाएको छ। यी सन्देश खेलाडीहरूले पेरिस २०२४ ओलम्पिकमा प्रतिस्पर्धा गर्न जानु अघि उनीहरूलाई पढ्नका लागि उपलब्ध गराइने बताइएको छ।

पेरिस २०२४ ओलम्पिकका लागि सामसङले ऐतिहासिक कार्यक्रमको हिस्सा बन्न सबैलाई आग्रह गरेको छ। खेलाडीहरूको एकीकृत गर्ने शक्तिमार्फत नवीनतम प्राविधिक आविष्कारहरू अन्वेषण गर्न सामसङसँग सहकार्य गर्न सामसङले आग्रह गरेको छ।

अर्थतन्त्रका ...

रहनु समस्या भएको मन्त्रालयको भनाइ छ।

त्यसैगरी खर्च र आम्दानीबीचको अन्तर बढ्दै जानु, सामाजिक सुरक्षातर्फको खर्च बढ्दै जानु, वैदेशिक ऋणको प्रभावकारी उपयोग हुन नसक्नु, आयोजना/परियोजना तोकिएको समयमा सम्पन्न नहुँदा लागत प्रभावकारी हुन नसक्नुलगायत विषय समस्याका रुपमा पहिचान भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सार्वजनिक खर्च व्यवस्थापनतर्फ आयोजनाको अत्यधिक संख्या र सिर्जना भएको दायित्व व्यवस्थापन, बहुवर्षीय ठेक्काको स्रोत व्यवस्थापन, गैर-बजेटरी मागलाई निरुत्साहित गर्ने, अनिवार्य दायित्वको बजेट बढ्नु, अनावश्यक देखिएका संरचना खारेज हुन नसकेको, वैदेशिक सहायताको उपयोग क्षमता कमजोर रहेको, संघीय सञ्चित कोष ऋणात्मक तर प्रदेश र स्थानीय तहका कोषहरु बचतमा रहने गरेकोलगायतका विषय अर्थमन्त्रालयले उजागर गरेको छ।

त्यस्तै, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानुलाई पनि चुनौतीका रुपमा पहिचान गरिएको छ। राजश्व सङ्कलन अपेक्षित नहुँदा प्रदेश र स्थानीय तहमा कम मात्र हस्तान्तरण हुने परिस्थिति रहेको, समपुरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना भएको मन्त्रालयको भनाइ छ। त्यस्तै, बैंकिङ क्षेत्रतर्फ पहिचान भएका समस्यामा कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्ने चुनौती रहेको, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरुमा लचकता कायम गर्न नसकिएको, वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुन नसकेको, वित्तीय सहकारीको नियमन फितलो रहेकोलगायत छन्।

बाह्य क्षेत्रतर्फ कमजोर निकासीको आधार एवम् उच्च व्यापार घाटा, चालू खाता घाटा, भ्रमण आयभन्दा भ्रमण खर्च उच्च रहेको, विदेशी लगानी आप्रवाह अत्यन्त कमजोर रहेको, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउन नसकिएको लगायत समस्या पहिचान गरिएको छ।

आगामी कार्यदिशा

अर्थ मन्त्रालयले पहिचान गरेका अर्थतन्त्रका ४६ चुनौती सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक रहेको र सोहीअनुरुप आगामी कार्यदिशा तय गर्नुपर्ने देखिएको पनि जनाएको छ।

अहिले घटेको बजारको माग बढाउन सार्वजनिक खर्चलाई औचित्यपूर्ण र थप प्रभावकारी बनाउने गरी प्राथमिकीकरण गर्ने, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, वित्त सुदृढीकरणमा जोड दिने, उत्पादनमा आधारित राजश्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्ने, वित्त जोखिम कम गर्ने, लगानीको वातावरण निर्माण गरी आर्थिक वृद्धिलाई गति दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउनेलगायत सुझाव दिइएको छ।

त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका बाधा पहिचान गरी सुधार गर्ने, जलविद्युत् उत्पादन र प्रसारणलाइन विस्तारमा जोड दिने, गुणस्तरीय सडक सञ्जाल निर्माण गर्ने, ग्रामीण सडक सञ्जाललाई कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलीयतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरुको परिचालनमा जोड दिनेलगायत कार्यदिशा अबलम्बन गर्नुपर्ने देखिएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी सरकारको सञ्चित कोषलाई सन्तुलित अवस्थामा राख्ने, गैरबजेटरी मागलाई निरुत्साहित गर्ने, कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्ने, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्नुपर्ने उल्लेख छ।

साना तथा मझौला उत्पादनमूलक व्यवसायलाई परियोजनामा आधारित कर्जा उपलब्ध गराउने, वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्दै वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणमा लचकता कायम गर्ने, वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने, वित्तीय सहकारीको नियमन गर्न दोस्रो तहको नियामक संयन्त्र निर्माण गर्ने कार्यदिशा अबलम्बन गरिनुपर्ने पनि मन्त्रालयले जनाएको छ।

व्यापारघाटा नियन्त्रण गर्ने सम्बन्धी रणनीतिको कार्यान्वयनमा जोड दिने, विदेशी लगानी आप्रवाह बढाउन नीतिगत र कानूनी सुधार गर्ने, सम्झौता भएका सहुलीयतपूर्ण विदेशी ऋण र अनुदानलाई प्राथमिकताका क्षेत्रमा अधिकतम परिचालन गर्ने तथा सर्तहरुमा सुधार गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवाहरुलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नेलगायतका सुधारका प्रयास थालिनुपर्ने अर्थ मन्त्रालयको निचोड छ।

पूर्व ...

दिएको सचिव भट्टराईको दाबी छ। कार्की मुख्यमन्त्री हुँदा विराटनगरमा भएको गोल्डकपका लागि दिने भनिएको रकम अर्थले सहमति नदिएपछि रोकिएको थियो। आफू मुख्यमन्त्री हुँदै अर्थले सहमति नदिएर रोकिएको बजेटको विषयमा फोन गरेर कुटपिट गर्ने धम्की आएको सचिव भट्टराईले बताए। सो बेला कार्कीले अर्थमन्त्रालयसमेत सम्हालेका थिएँ। आफैं विभागीय मन्त्री भएको बेला कानूनको अभावमा अर्थले रकम निकासाको सहमति दिएन।

भट्टराईले भने- 'मैले के गरौं ? भनेर पूर्वमुख्यमन्त्रीलाई बहालमा हुँदै सोधेको थिएँ। त्यति बेला केही निर्णय गरिदिनु भएन। अहिले आएर सोही बजेटका विषयमा आक्रमणको धम्की दिनुभयो।' सामाजिक विकास मन्त्रालयले यस वर्ष विराट गोल्ड कपसँगै झापा गोल्ड कप र बुढासुब्बा गोल्डकपका लागि बजेट माग गरेको थियो। तर, पुरानो रकम भुक्तानीमा अर्थले सहमति नदिँदा पुरानो भुक्तानी गर्न मन्त्रालयले सकेको थिएन। सोही विषयमा असहयोग गरेको भन्दै निवर्तमान मुख्यमन्त्री कार्कीले धम्की दिएका हुन्।

मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले आफूकहाँ निवेदन परेको बताए। उनले निवेदन परेपछि आफूले सचिव भट्टराईको सुरक्षाको प्रबन्ध मिलाएको बताए। उनले सुरक्षा समितिको बैठक बसेर थप सुरक्षाको प्रबन्ध मिलाउने बताए। निवर्तमान मुख्यमन्त्री कार्कीले भने यस्ता ससाना इस्यूमा कुरा नगर्न अग्रह गरे।

एम्बुलेन्सको ...

नवीकरणका लागि प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिमा सिफारिस गर्ने पत्रमा उल्लेख छ। सिफारिस पछि प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिले समेत निर्देशिकाको दफा १५. ले तोकेको मापदण्ड पूरा गरेको अवस्थामा मात्र एम्बुलेन्स सञ्चालन अनुमति नवीकरण गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्नु हुन निर्देशानुसार अनुरोध छ।

सो सम्बन्धमा मन्त्रालयले सातै प्रदेशको प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति र ७७ वटै जिल्लामा रहेको जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिलाई पत्राचार गर्दै निर्देशिकामा उल्लिखित मापदण्डहरू पालना गराउन भनेको छ। पत्रमा तोकेको मापदण्ड पूरा गरेको अवस्थामा मात्र एम्बुलेन्स सञ्चालन अनुमति नवीकरण गर्ने व्यवस्था गर्न भनिएको छ।

स्कुटरमा ...

व्यक्तिले मेचीनगर -५ श्रेष्ठको स्कुटर हल्दिवारीको भेलागुडी जङ्गलमा लुटेर लगेका हुन्।

बुबाको नागरिकताको प्रतिलिपि बनाउन जिल्ला प्रशासन कार्यालय गएका श्रेष्ठसँग ती व्यक्तिको त्यही चिनजान भएको थियो। आफू पनि नागरिकताको प्रतिलिपि बनाउन आएको उनले श्रेष्ठलाई बताएका थिए। अपराह्न ४ बजेतिर आफ्नो घर नजिकै रहेको र घर जाने काम पर्‍यो भनेर ती व्यक्तिले श्रेष्ठसँग लिफ्ट मागेका थिए। श्रेष्ठसँग चाबी मागेर आफैं स्कुटर कुदाएका उनले भेलागुडी जङ्गलमा आफ्ना दुईजना साथी बोलाएर लछारपछार गर्दै कुटपिट गर्नुका साथै अनुहारमा स्प्रे छर्केर बेहोस बनाएका थिए। त्यसपछि उनीहरूले स्कुटर लुटेको श्रेष्ठकी भाउजू अन्जना भण्डारीले बताइन्।

घाइते र बेहोस भएका श्रेष्ठ राति पौने २ बजेतिर मात्र घर पुगेको उनले जानकारी दिइन्। आफूहरूले हुलियासहित स्कुटर लुट्नेहरूलाई खोजी गरी कारबाही गर्न प्रहरीलाई उजुरी दिएको अम्बिकाले जानकारी दिएकी छन्।

नेपाली ...

रहेछ। पहिले चाहिँ केही सस्तो पर्थ्यो भन्ने सुनिन्थ्यो अहिले त्यस्तो छैन।

यद्यपि नेपालमा मेडिकल कलेजको आवश्यकतालाई देखाउँदै मापदण्ड नपुगेका कलेजहरूलाई पनि सम्बन्धन दिने र कमसल गुणस्तरको शिक्षा दिने प्रचलन बढेको भन्दै एकजना वरिष्ठ चिकित्सक डा. गोविन्द केसीले पटकपटक आमरण अनसन समेत गरेका थिए। कतिपयले उक्त आन्दोलनका कारण नेपाली विद्यार्थीले स्वदेशमै चिकित्साशास्त्र अध्ययन गर्न नपाएर विदेशिनु पर्ने अवस्था आएको आरोप पनि लगाउने गरेका छन्।

तर गुणस्तरीय चिकित्सा शिक्षाका लागि मेडिकल कलेजहरूका लागि कडा मापदण्डहरू लागू गरिनु पर्ने र जस्तासुकै कलेज चलाउन दिनु नहुने मत राख्नेहरू त्यस्तो आरोपलाई झूटो भन्ने गर्छन्।

होटल बिक्रीमा

बिर्तामोडस्थित चालू अवस्था रहेको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु- सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८२३८६७१४९

जनसंख्यालाई शक्ति र साधनको रुपमा उपयोग गरौं

- जनसंख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपपोन्मुख अवस्थामा रहेका जनसंख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
-अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्युनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं।

रोमानीयामा रोजगारी

1. Company : Project -70/24

Pre Approval Date: 2079/11/17 चलानी नं.: ६०१९८१६६ LOT No. 281582 Re Approval Date: 2081/04/03

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	EURO	नेरु							
1.	Bus Driver	30	0	1200 Euro	१,७५,९८०/-	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छैन	छ	२ वर्ष
2.	Truck Driver	30	0	1200 Euro	१,७५,९८०/-							
3.	Food Delivery	200	0	750 Euro	१,०९,९८८/-	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
4.	Welder/Mason	30	0	750 Euro	१,०९,९८८/-							
5.	Pipefitter/Plumber	25	0	750 Euro	१,०९,९८८/-							
6.	Electrician/ Steelfixer	40	0	750 Euro	१,०९,९८८/-							
7.	Gypsum/Concrete Worker	30	0	750 Euro	१,०९,९८८/-							
8.	Cleaner/Hotel Maids	25	20	750 Euro	१,०९,९८८/-							
9.	Shuttering Carpenter	10	0	750 Euro	१,०९,९८८/-							

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १० गते बिहिवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

1. INTERNATIONAL WORK FINDER

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	USD	ने.रु.								
1.	Cleaner	2	2	550	७३,३९५	सम्वन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
2.	Cook	5	0	650	८६,६५०								
3.	Cook Helper	10	0	550	७३,३९५								
4.	Factory Helper	26	0	550	७३,३९५								
5.	Gardener	2	0	550	७३,३९५								
6.	General Worker	25	9	550	७३,३९५								

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १४ गते सोमवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

AMCON OVERSEAS PVT. LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
सम्पर्क : ०२३५३५०७४/५३५०७२/५३०१०६
फोन : ९८५२६९१९९९, ९८५२६७४८०९, ९८१६०१५४८८, ९८०७९६३७९५, ९८१६०१६२०९, ९८५२६७४८१०, ९८१६०१६२०९
Email : pangdhakgroup@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

निर्यातमुखी अर्थतन्त्रको आवश्यकता

नेपाली जनताको अपेक्षा नेपाललाई बेलायत, अमेरिका, जापान वा सिङ्गापुरजस्तै विकसित बनाउने भन्ने हो । तर, अर्थतन्त्रमा सबैभन्दा चिन्ताको विषय भनेको दिनप्रतिदिन बढ्दै गएको उच्च व्यापार घाटा र यसले देशको समग्र आर्थिक गतिविधिमा पारेको असरलाई लिने गरिएको छ । वैदेशिक व्यापारको क्षेत्र र यसको मात्रा बढ्दै जाँदा निर्यात र आयात दुवै व्यापारको मात्रा पनि वृद्धि हुँदै गएको छ । विगत लामो समयदेखि निर्यातको तुलनामा उच्च दरमा वृद्धि हुँदै गएको आयातले मुलुकलाई आयातमुखी अर्थतन्त्रतर्फ डोऱ्याएको अनुभूति हुन थालेको छ । यसले व्यापार घाटा मात्र वृद्धि गरेको छैन, मुलुकको विदेशी मुद्रा सञ्चिति, विनिमय दर, भुक्तानी सन्तुलन, औद्योगिकीकरण, पूँजी निर्माण लगायत सामाजिक तथा राजनीतिक क्षेत्रमा समेत प्रतिकूल असर पारेको छ। यी समस्या न्यूनीकरणका लागि निर्यात वृद्धि गर्दै आयात प्रतिस्थापन गर्नुबाहेक अर्को विकल्प छैन ।

साधनस्रोतको उपलब्धता र अनुकूलताका हिसाबले मुलुकले निर्यात वृद्धि गर्न सक्ने सम्भावना बोकेका विभिन्न क्षेत्रमध्ये कृषिक्षेत्र अग्र स्थानमा आउँछ । नेपालको जनसंख्याको ६० प्रतिशत हिस्सा कृषिमा आश्रित छ । कृषि निर्यातमुखी अर्थव्यवस्थाको मूल आधार बन्दै गएको । कृषि क्षेत्रमा व्यावसायिक खेतीको शुरुवातले पनि यो सम्भव बनाएको हो ।

नेपालबाट निर्यात भएका वस्तुमा कृषिजन्य वस्तुको हिस्सा नै ज्यादा देखिन्छ । गत वर्ष ९३ अर्ब ६९ करोड ९४ करोडको मात्र भटमास, पाम र सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको तथ्याङ्क छ । यस्तै १२ अर्बभन्दा बढीको विभिन्न प्रकारका धागो, १० अर्बभन्दा बढीको गलैंचा, नौ अर्बभन्दा बढीको चिया र कफी, आठ अर्बभन्दा बढीको जुटका उत्पादन, चार अर्बभन्दा बढीको अलैंची, दुई अर्बभन्दा बढीको पस्मिना, प्रशोधित खाद्यान्न जस्ता वस्तु निर्यात भएका छन् । यी बाहेक अन्य घरेलु तथा साना उद्योगबाट समेत सानो–सानो परिमाणमा कृषिजन्य वस्तुको निर्यात भएको पाइन्छ । निर्यात व्यापारमा कृषिजन्य वस्तुको गणितीय मान सन्तोषजनक देखिए पनि यसबाट अपेक्षित लाभ लिन नसकिएको विज्ञको भनाइ छ । तसर्थ, हामीले ती वस्तुलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ, जुन वस्तु उत्पादन र प्रशोधनमा स्वदेशभित्रकै साधनस्रोत प्रयोग गर्न सकिन्छ ।

निर्यात गरिने यस्ता वस्तुको उत्पादनले देशभित्रै रोजगारी, लगानी र उद्यमशीलताका पर्याप्त अवसर सिर्जना गर्छ । यसबाट व्यापार घाटा न्यूनीकरण मात्र होइन समग्र आर्थिक परिसूचकमा नै सकारात्मक प्रभाव पार्न सक्छ । अहिले मुलुकको वार्षिक बजेट कै हाराहारीमा व्यापार घाटा पुगेको तथ्याङ्क सार्वजनिक भएका छन् । नेपालको व्यापारघाटा चुलिँदै जानुका पछाडि खानीजन्य पेट्रोलियम पदार्थ र केही उद्योगजन्य वस्तुका अलावा अधिकांश आयात हुने वस्तु कृषिजन्य नै पर्दछन्। कृषि प्रधान मुलुकका नामले परिचित भए पनि हाम्रो मुलुकमा दैनिक उपभोग हुने तरकारी, फलफूल, खाद्यवस्तुदेखि मासुजन्य, दूग्धजन्य, पशुपंक्षीजन्य जस्ता वस्तुको आयात उच्च देखिन्छ। कुनै समय खाद्य वस्तु निर्यात गर्ने मुलुक अहिले आयातमा निर्भर छ । देशभित्रै उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। यस विषयलाई सरकारले समेत विशेष प्राथमिकता दिँदै चालू आर्थिक वर्षको बजेटमा कृषिलाई पहिलो प्राथमिकतामा राख्न जरुरी छ । कृषि क्षेत्रको विकास र विस्तारका लागि पहिलो प्राथमिकता किसानलाई दिनुपर्ने हुन्छ। किसान मानसिक, शारीरिक र आर्थिक रूपमा स्वस्थ रहे मात्र कृषि क्षेत्रबाट उचित लाभ प्राप्त गर्न सकिन्छ। उनीहरूलाई उत्प्रेरित गर्न यस क्षेत्रबाट प्राप्त गर्न सकिने लाभ र मुनाफाका बारेमा सूसुचित गराउनु जरुरी छ। किसानलाई आवश्यक पर्ने विभिन्न प्रकारका वित्तीय र प्राविधिक सहयोगका साथसाथै व्यावसायिक र प्रविधिमैत्री खेतीका बारेमा दिइने शिक्षा र प्रशिक्षणले कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्नमा सहयोग पुग्नेछ । यसबाट कृषि उद्यमशीलाताको बाटो खुल्नेछ। उद्यमशील किसानले कम समयमा, कम लागतमा, गुणस्तरमा कुनै सम्झौता नगरी धेरैभन्दा धेरै वस्तु उत्पादन गर्न सक्छन्। तसर्थ, देशको समग्र विकासका लागि निर्यातमुखी अर्थतन्त्रको विकास गर्न आवश्यक नीति–नियम बनाउने र सो अनुरूप आर्थिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ।

कृषि व्यवसाय पहिले र अहिले

प्रेमप्रकाश 'फलाहारी'

पहिले-पहिले यो देशलाई कृषि प्रधान देश नेपाल भनिन्थ्यो र भने जस्तै पनि थियो । पहिले र अहिलेमा केफरक छ सो केलाउने प्रयास गरौं भन्ने लागेर पाठक समक्ष आएको छु। वि.सं. २०१२/०१५ तिरको कुरा हो- त्यो बेलामा पहाडी भू-भागमा प्रशस्तै पशुपालन थियो र खेतीपाती गरिन्थ्यो। हिँउदयाम लाग्दा उँधौली पर्व तथा वर्षायाममा उँभौली पर्व अनुरूप गोठधुप गर्ने प्रचलन सबै जातजातिहरूमा चल्थ्यो र सामान्य त चल्दै आएको पनि छ, आ-आफ्नो तरिकाले उँभौली र उँधौली मनाइन्छ यी पर्वहरू।

अन्न र पशुधनको रक्षार्थ गरिने यो कर्ममा पौराणिककता मात्र नभई यसमा वैज्ञानिकता पनि छ भन्न मन लाग्छ। हिमालतिर आ-आफ्ना खर्कमा रहेका ती गाई भैंसी/भेडा च्याङ्ग्रा गोठ लेकबाट बेसीतिर झारिन्थ्यो र आ-आफ्ना खेतबारीको हिँउदेबाली उठाउँना साथ ती फाँटहरूमा चौपाया खुल्ला गरिन्थ्यो। उँधौलीको गोठधूप तथा उँधौली पर्वसँगै चौपाया र अन्नबालीको रक्षार्थ गर्ने यो प्रचलन युगौंदेखि चलिआएको पाइन्छ। हिँउदयाममा खाली खोल्सा रहेका जमिनमा वस्तुगोठ थला सारी-सारी खेतबारी मलिन्थो र अन्नबाली प्रशस्तै उब्जन्थ्यो। त्यो समयमा हिमाली भागमा हुर्किएका बडा-बडा ती माले-झुले गोरूहरू बेसीमा झरेर खुल्ला मैदान भेला हुँदा खुशी भएर हुक्राँ...हुक्राँ... गर्दै जुधेको रमाइलो हेर्दा बालापन त्यसै मन पुलकित हुन्थ्यो।

त्यो समयमा लैना गाई भैंसीहरू प्रसस्तै हुन्थे एउटा गोठमा दैनिक साँझ-बिहान कम्तिमा पाँच पाथीका दरले दूध उत्पादन हुन्थ्यो र प्रत्येक दिनको दूध तताएर जमाएको दही दिनहुँ मही पार्ने गरिन्थ्यो। दिनहुँ धार्नीका दरले घिऊ उत्पादन हुन्थ्यो। उत्पादित घिऊ भारतका बजारमा निकासी गरेर जसको आयबाट लुगा कपडा नून-तेल, मर-मसला जस्ता घरायसी समस्या समाधान खरिद गरिन्थो। यता प्रत्येक गोठमा हुर्किएका हलगोरुले खेत जोतेर लगाएको फसल मुख्य धान, मकै, कोदो, फापर, जौ, गहुँ, तोरी, तथा कोसेबालीहरू मास, भटमास, बोडी, मश्याम, बनमारा, गहत, सिमी, केराउ, मटर, रहरी आदि तथा ईस्कुस, फर्सी, लौको, चिचिण्डो, कुभिण्डो, करेला, मुला गाजर जस्ता सागसब्जीहरू उत्पादन गरेर आफ्नै परिश्रमले दालभातको परिपूर्ति गरिन्थ्यो।

उक्त खाद्यान्न आफ्नो परिवारले मात्र खाएर सकिँदैन थियो। बचत अन्न खेती लगाउँदा काम गर्ने हली खेताला गोठाला घर बनाउने सिकर्मी डकर्मीहरूको पारिश्रमिक भनौ काम अनुसारको ज्याला माना पाथीले भरेर दिइन्थो। त्योबेलाको मुद्रा स्थिति नेपाली र भारतीय रुपैयाँ सरिबरि थियो। प्रायः नगद रकमको काम कमै मात्रामा उपयोग हुने गर्थ्यो र अन्न भएपछि सोही दिँदा कामदारको गर्जो टर्थ्यो। आज कालको जस्तो च्याउसरि जतातत्तै बैङ्क थिएनन्। खानपिन ओषधियुक्त भएकोले स्वास्थ्य चौकीहरूको आवश्यकता पनि पर्दैन थियो। गाँउ मिलेर धरम ढिकुटी वा धरम भकारी खोलेका हुन्थे। त्यो भनेको अहिलेको सहकारी संस्था जस्तै थियो। कतै गाउँमा खाद्यान्न कमी भई गयो भने ढिकुटीका सञ्चालकहरूले समस्या समाधान गरिदिन्थे। कुलो खन्ने बाटो खन्ने, घर बनाउने काम परेमा गाउँ-समाज एकजुट भएपछि जुनसुकै काम चिताई सक्दा समाधान भइ जान्थ्यो।

त्यहाँ जतिसुकै सम्पन्न परिवारका सदस्य रहे पनि खेतीको काम गर्ने बेलामा खेतालासँग सँगै लागेर खेत बारीको काम गर्ने प्रचलन थियो। हिमाली भेकतिर प्रायः आलु प्रशस्त हुने हुँदा आलु मात्र खाएर जिविका चलाउँथे। त्यहाँ हीमपातले गर्दा अन्न उब्जाउन कठिन पर्ने प्रायः उब्जाउँभन्दा पनि वर्ष दिनसम्म लाग्छ। बेसीमा भने समय पनि थोरै लाग्ने र उब्जनी बढि हुने गर्दछ।

ती लेकालीहरू आलुका भारी बोकेर बेसीतिर झर्ने र बेसीका साहुहरूसँग लेकका आलुले मकै कोदो साटेर एकअर्कालै नौलो मिठो खाने प्रचलन पुस्तौंदेखि चल्दै आएको हो। त्यो समयमा अहिले झैं यातायातको साधन थिएन, डडाल्नोमा ढाकरमा भारी बोकेर त्यो पूर्वी हिमाल तथा बेंसीमा रहेका किसानहरूलाई नून-तेल मर-मसला लत्ता-कपडाको आवश्यक पर्दा पशुपालनबाट आर्जित घिऊ भारतको दार्जेलिङ्गसम्म लिएर जाने र त्यो घिऊले घरायसी सामान साटेर ल्याउने चलन थियो। पहाडी जनजीवनमा परिश्रम भने असाध्यै गर्नुपर्थ्यो र गर्न मन लाग्थ्यो। हावापानी शुद्ध भएकोले त्यहाँका नर नारी हृष्टपुष्ट राता पिरा हुन्थे र सबै जातजाति मिलेर बसेका थिए। माथिका कुरा सुन्दा एक देशको कथा झैं लाग्दछ।

अहिले आएको गणतन्त्रले यहाँका जनतालाई एकताबाट अनेकतातिर खल्बल्याउँदै गइरहेको सहजै अनुमान गर्न सकिन्छ। तराई भागतिरको कुरा गर्नुपर्दा पहिला-पहिला यहाँ प्रायः पातलो बस्ती थियो र यहाँ आदिबासिहरूको पातलो गाउँ बस्ती थियो यहाँको ७५ प्रतिशत जमिन जङ्गलले ढाकेको थियो । यातायातका साधन थिएनन्। पूर्व-पश्चिम हुलाकी पैदल मार्गबाट आवागमन गर्नु पर्थ्यो।

वि.सं २०२१ सालपछि राजमार्गको डोरो टागिएको थियो। अहिलेको जस्तो यातायातको सुविधा पहाड होस् या मधेश कहीँकतै थिएन। त्यो समयको यातायात भनेको ११ नम्वर नै हो। तर, त्यो बखत पहाड पर्वतमा रहनेहरू जाउलो खान मधेश झर्ने लहड चल्न थाल्यो। त्यस्तो बिकराल स्थितिमा ती पहाडका पौरखी र विदेशिएका नेपालीहरूलाई एकैसाथ भेला पारेर मधेशका जङ्गलहरू फडानी गरेर मधेशमा पुनर्वास गराउने काम गरे। त्यो बेलाको सरकार भनेको राजा महेन्द्रले उद्योग धन्दा भने जतातत्तै खोलि दिए। उद्यमीहरू कम्मर कसेरै लागे जस्तो विराटनगरमा जुटमील स्थापना गरेर मधेशका किसानहरूलाई सहकारीको माध्यमबाट पाटाको बिऊ बाँडियो तराईका किसानहरूलाई ठाउँ-ठाउँमै पाटा खेती लगाउन किसानलाई प्रेरित गरियो। यहाँ धान फसल पनि त राम्रो उत्पादन हुन्थ्यो। यहाँ उत्पादित धान चामल भारततिर चोरी निकासी हुन थाल्यो। त्यो देखेर सरकारले उक्त धान चामल नेपालबाट भारततिर निकासीगर्न धान चामल कम्पनी खोलेर उक्त धान चामल निकासी गर्न थाल्यो त्यो बेलाको खाद्यान्न यहाँका जनताले खाएर सकिँदै थियो।

त्यस्तै गरेर सरकार गाउँ-गाउँमा उखु खेती गर्न प्रोत्साहन दिएर प्रशस्तै उखु उत्पादन हुन थाल्यो। उता सरकारले चिनी मिल खोल्ने व्यवस्था मिलाई सो किसानकरुो उखु उक्त चिनी मीलले खरिद गरिदिएपछि वरोजगारीहरूले गाउँ-गाउँमा राम्रो रोजगारी पाए। यसरी जतातत्तै उद्योगहरू खोल्दा सबैले काम पाए यहाँ कुनै कुरा कमी थिएन। त्यसरी नै पश्चिमाञ्चलतिर कपास खेतीको व्यवस्था मिलाइयो र किसानलाई उद्यमी बनाउन धागो कारखाना नै खोलियो। त्यही धागोबाट कपडा कारकानाहरू चल्न थाले। त्यस्तै बाबियो खर परालालाई प्रोस्साहन दिनुका साथै सोबाट कागज कारखाना चल्न थाल्यो।

किसानहरूले प्रोत्साहन पाए। देशमा जतातत्तै उद्योगको लस्कर नै लागेको थियो। त्यो देखेर अर्को थरि परिवर्तकारीहरू निस्किए भ्रम छर्न थाले बिस्तारै ती कारखानामा काम गर्ने मजदुरलाई उकासेर मेनपावरहरूबाट वैदेशिक रोजगारी खुलाउँदै युवाशक्ति सबैलाई वैदेशिक रोजगारीतिर जान बाध्य पारियो। देशमा अनेक आन्दोलन चल्नथाले हेर्दाहेर्दै देश खोक्रो भयो, पहिले नेपालमा उत्पादित धान चामल अदुवा अलैंची घिऊ भारततिर निकासी हुन्थ्यो मुद्रा आर्जन गरिन्थ्यो। अहिले हरेक खानेकुरा जस्तो चामल, चिउरा, चिनी, दाल, साग-सब्जी, मर-मसला, लुगाकपडा ईतिश्री सबै दैनिक भोग्य वस्तुहरू भारतबाट आउँछ। अब बिस्तारै के पहाड के मधेश देशभरिका युवायुवतीहरू कमाउने बहानामा विदेशतिर लाग्दा यहाँका ती कल कारखानाहरू पनि बन्द भए।

यता खेतीयोग्य जमिन जहाँ बास्मती, नूनीया, चुल्ठे मसिनो धान फल्ने सिम खेतहरू सबै बाँझिए। बिस्तारै ती बाँझिएका जमिनहरूमा कमाउ अभियानमा लागेका व्यापारीहरूले बाँझिएका उर्वरभूमिमा घडेरी प्लानिङ गर्ने बहानामा ती मगमग बास्ना आउने बास्मती, नूनीया, चुल्ठे धान फल्ने खेतीयोग्य जमिनहरूमा बालुवागिटी छेर मरुभूमि तुल्य बनाएर भिटाको पसल थापियो र ती विदेशमा श्रम पसिना बगाएर आर्जन गरेर धन आर्जन गर्ने सपना बोकेर विदेशिएका युवा बाकसमा फिर्नु परेका दुःखद् घटनाले के परिणाम ल्यायो त ? दुःखले दुई चार पैसा नगद रकम पनि बिस्तारै गएर घडेरी किनाउने दलालका हात पर्छ, यो तितो सत्य हो।

हिमाली, पहाडी भेकबाट पहेलेका पुर्खाहरू ढाकर तोक्मासँग सातु सामल बोकेर नून तेलको जोहो गर्ने छिमेकी मुलुकको दार्जेलिङ्सम्म पैदल पुगेर कुइन्टलका भारी डडाल्नामा बोकेर १५ दिन लाएर आफ्ना लालाबाला पाल्नुपर्थ्यो । यो सुन्दा एकादेशको कथा झैं लाग्छ, तर यो हामीले पनि जन्म गाउँमा छँदा यो व्यहोरे कै हो। आज युग वैज्ञानिक भयो, तर मानव परपेक्षी हुँदै गयो। के पहाड के मधेश सबैतिरका युवा शक्ति पलायन हुँदा उर्वर भूमि बाझिँदै गएर मरुभूमितुल्य बनेको महशुस हुन्छ। ती जीर्ण हुँदै गएका घर-घडेरी रुँगेर बसेका वृद्ध बा-आमाहरूको भोक-प्यास मेटाउने सहयोगीविहीन हुँदैछन् र कोही बा-आमा वद्धाश्रमको शिकार हुन बाध्य छन्।

देश सञ्चालकहरू कुर्सीको लडाइँमै ठिक्क छन्। प्रत्येक नागरिकका थाप्लामा लाखभन्दा बढी विदेशीको ऋण बोकाइएको छ। यस्तो चाल कहिलेसम्म रहने हो। हामीले हेर्दाहेर्दै यो देश-विदेशको कब्जमा पर्ने जस्तो लाग्न थालेको छ। होशियार हौं अब हामी हाम्रा नानीहरूलाई मोवाइल चलाउन मात्र दिने कि ? उद्यम सिकाउने अरू कुनै वैकल्पिक उपाय रच्ने र सोच्ने हो ? मेरो यही प्रश्न छ। तमाम देशबासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई।

'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे'

बाढीपहिरोले निम्त्याउने दुर्भाग्य

डा. रामहरि पौड्याल

बाढी जलवायु सङ्कटको सबैभन्दा ठूलो र पीडादायी परिणाममध्ये एक हो। यसले विश्वभरका समुदायलाई बढ्दो प्रभाव पार्छ। मानव पीडा र आर्थिक लागतमा पर्ने प्रभावको आँकडा डरलाग्दो छ। विगत दुई दशकमा बाढीपहिरोबाट अर्बौं मानिस प्रभावित भएका छन। यी प्रकोपले अन्तरपुस्ता गरिबी, बसाइँसराइ र भूराजनीतिक अस्थिरता निम्त्याउन सक्छन्। मानिस बाढीका दुःखद् प्रभावको समस्यासँग आक्रान्त छन्, त्यो वैश्विक समस्यासँग जुध्न सङ्घर्ष गरिरहेका छन्।

सरकारहरूले आउँदा दशकमा उनीहरूको विपत् व्यवस्थापन प्रतिक्रिया र उपकरणलाई प्राथमिकता दिने र राहत कार्यमा गति दिँदै जलवायुजन्य यस्ता विपत्‌लाई मापन गर्ने बताइरहे पनि एउटै देशमा र एकै समयमा आउन सक्ने बाढीपहिरोको रोकथामको तयारी र प्रतिकार गर्न समुदायले लामो समयदेखि सङ्घर्ष गरेका छन्। यो स्थिति नेपाल जस्ता गरिब देशमा अझ भयावह देखिन्छ। वर्षाका कारण उत्पन्न घटना घातक हुँदै गइरहेका छन्। विश्वका सरकार बढ्दो तापक्रम, अनावृष्टि, अतिवृष्टि लगायतका अति मौसमका घटनाका कारण बढ्दो जोखिमको सामना गर्न असफल भएका छन्।

नेपालको स्थिति

गत सातादेखि देशव्यापी परेको अविरल पानीले निम्त्याएको बाढीपहिरोले देश आक्रान्त छ। गत असारमा मुग्लिङ क्षेत्रमा दुई वटा यात्रुबाहक बस एकैपटक पहिरोको चपेटामा परे। उता देशभरि यो बाढीको वितण्डाका दुःखद् समाचार आउने क्रम बाँकी नै छ। नेपालले भोग्ने यो नियति हरेक वर्ष दोहोरिरहने घटना हुन्। नेपालले विगत तीन दशकमा बाढीबाट औसत नौ अर्ब, पहिरोबाट डेढ अर्ब र भूकम्पबाट नौ खर्ब रुपैयाँ बराबरको प्राकृतिक प्रकोपजन्य क्षति भोगिरहेको छ। प्राकृतिक प्रकोपको

ग्लोबल इन्डेक्स अनुसार नेपाल वातावरणीय जोखिमका हिसाबले विश्वकै चौथो सबैभन्दा जोखिमयुक्त देश हो। यो ग्लोबल इन्डेक्स अनुसार भूकम्पमा ११औँ र बाढीको जोखिममा १३औँ स्थानमा रहेको छ। नेपाल भौगोलिक हिसाबले त्यस्तो जोखिमपूर्ण देश हो, जहाँ दुई सय ग्लेसियर मध्ये २० वटा जुनसुकै बेला विस्फोट हुन सक्ने खतरामा रहेको तथ्य इसिमोड लगायतको अनुसन्धानले प्रस्ट्याएको छ। यो खतराको सिकार नेपाल मात्रै नभएर तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने लाखौं मानिससमेत हुन सक्ने सम्भावना धेरै सोचनीय विषय हो। नेपालले समयमै गम्नुपर्ने र समाधानका लागि दीर्घ योजना बनाउनुपर्ने विषय हो।

नदी व्यवस्थापन एवम् जलउत्पन्न विपत् जोखिम न्यूनीकरणका लागि उपयुक्त प्रविधिको विकास र जलवायु परिवर्तन अनुकूलनका प्रश्न, समस्या र समाधान माथि गरिने अनुसन्धान र तत्सम्बद्ध विकास कार्यमा सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू, विकास साझेदार निजी तथा गैरसरकारी संस्था तथा अन्य सरोकारवालाको संलग्नता र सहकार्यलाई सनिश्चित गरिने छ (नदी तथा जल उत्पन्न विपत् व्यवस्थापन राष्ट्रिय नीति २०८०)। कानूनमा यस्तो लेखिए पनि अनुसन्धान कार्यमा विश्वविद्यालयहरूलाई समावेश नगरिनु नै नेपालको विकासको एउटा तितो यथार्थ हो।

दुःखको कुरा मुलुकलाई प्राकृतिक विपत्ले यसरी पूरै छोपिसक्दा मात्रै सरकारी संरचना जल तथा मौसम नीति कस्तो बनाउने भन्ने विमर्शमा हुनु शोभनीय होइन। अत्यावश्यक यो नीति बनाउन

भएको ढिलाइले मौसम सम्बन्धी कानून र अन्य संरचनात्मक व्यवस्था गर्न कठिनाइ भइरहेको छ। अर्कोतिर प्रस्तावित ऊर्जा विधेयक संसद्मा धेरै लामो समयदेखि विचाराधीन छ। हाम्रा नीति-निर्माताको ध्यान त्यता गएको देखिँदैन। इसिमोडले एक अध्ययन अनुसार करिब ४७ वटा हिमताल कुनै पनि समय फुट्ने सक्ने खतरामा रहेका र तिनले तल्लो तटीय क्षेत्रमा ठूलो धनजनको नोक्सानी पुऱ्याउन सक्ने अनुमान गरिएको छ। पर्याप्त वन र जैविक विविधता संरक्षण गर्न नसक्ने हो भने पृथ्वीको सतहको तामक्रम थप वृद्धि हुने र अनपेक्षित मौसमी घटना बढन गई पहाडी क्षेत्रका मानिस आधारभूत आवश्यकता प्राप्त गर्न बसाइँसराइ गर्नुपर्ने र त्यसले थप आर्थिक सङ्कट निम्त्याउने लगभग निश्चित छ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार आर्थिक वर्ष २०२२-२३ मा दक्षिणी छिमेकी मुलुकमा एक हजार १० करोड बराबरको विद्युत् निर्यात हुँदा भारतबाट विद्युत् खरिद गर्न एक हजार ९४४ करोड खर्च भएको छ। यसले देशलाई स्वच्छ ऊर्जामा आत्मनिर्भर बन्न अझै लामो यात्रा गर्न बाँकी रहेको सङ्केत गर्छ। नेपाल आयल निगमका अनुसार देशभर १२१ मिलियन एलपी ग्यास सिलिन्डर रहेका छन्। जब कि १६२ हजार २३५ इन्डक्सन र इन्फ्रारेड स्टोभ ३२ करोड ५९ लाख रुपैयाँ बराबरको आयात भएको छ। गत आवमा ४० अर्ब ६४ करोड रुपैयाँ बराबरको ३६ करोड ३० लाख केजी ग्यास आयात भएको थियो। जलविद्युत् बनाउने कम्पनीका फाइललाई सचिव र मन्त्रीहरूले बर्सौंसम्म झुलाउने समाचारले प्राथमिकता पाएका छन्। अनिवार्य पालनासहित यथार्थ गरिनुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन कपी पेस्ट हुने गरेको भन्ने मुद्दा सर्वोच्चसम्म पुगेको कुरालाई समेत हामीले मनन गर्नुपर्ने बेला आएको छ।

पछिल्लो दुई दशकमा ग्रामीण सडक विस्तारका नाममा डोजर संस्कृतिको डरलाग्दो विकास भयो, यसले हाम्रो सीमित स्रोतबाट जनताले राम्रो प्रतिफल पाउनुको सट्टा सरकारी पैसाको दुरुपयोग भएको तथ्य लेखा परीक्षण प्रतिवेदनबाटै प्रस्टिएको छ। यही कारणले बढी वर्षा मौसममा बाढीपहिरो र डुबानको समस्या निम्त्याएका कुरा तिनका प्रमाण हुन्। असारे विकासको कमसल निर्माण बाढीपहिरोको अर्को कारण हुन्। आव २०७८/७९ मा असारमा २९.८४ प्रतिशत पुँजीगत बजेट खर्च भयो।

बहुउद्देश्यीय आयोजनाले वातावरणमा कम क्षति गर्छ। एउटै नदीका विभिन्न तल्लो बेसिनका प्रोजेक्ट बनाउने, पानीलाई बहुउपयोगमा लगाउने, स-साना ड्याम बनाएर लोहेडका परियोजना बनाउँदा एकातिर बाढी नियन्त्रण हुन्छ भने अर्कोतिर हिउँदमा चर्को लोडसेडिङबाट देशलाई बचाई व्यापार घाटालाई कम गर्छ। यो कामका लागि स्वदेशी हाइड्रोपावर कम्पनीहरूलाई राज्यले प्रोत्साहित गर्नुपर्छ। एकातिर विकास निर्माण गर्दा प्रकृतिको न्यूनतम क्षय गर्छ भने अर्कोतिर गरिएको विकास निर्माणले जलवायु परिवर्तनका कारण वृद्धि भएको तापक्रम र अनपेक्षित मौसमी घटनालाई सजिलै थेग्न सक्छ। नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिबद्धता र पक्षराष्ट्र भएका महासन्धिको पूर्ण कार्यान्वयन पूर्व सर्त हुन् भन्ने तथ्यलाई कहिल्यै पनि भुल्नु हुँदैन।

असार हाम्रा लागि बाढीपहिरो र विनास बनेर आइरहेको भनिरहँदा हामीले यो पनि बिर्सन हुँदैन, यही असारले देशभरि किसानलाई खुशी बनाएको हुन्छ। देशभरि रोपाइँ शुरु हुन्छ, यही रोपाइँ हाम्रो बच्ने आधार हो। नेपालको कुल क्षेत्रफल १४,७१८,१०० हेक्टर मध्ये २,६४१,००० हेक्टर कृषियोग्य क्षेत्रफल छ। जम्मा १,७६६,००० हेक्टर जमिन मात्र सिँचाइयोग्य छ। विभिन्न प्रयासबाट हालसम्म १,४३३,२८७ हेक्टर जमिनमा सिँचाइ संरचना निर्माण गरिएको छ। ती मध्ये ४४३,३६५ हेक्टर जमिन भूमिगत सिँचाइबाट १७६,९२५ हेक्टर जमिन परम्परागत सिँचाइ प्रणालीबाट र ८१३,०६७ हेक्टर जमिन सतह सिँचाइबाट सिँचाइ गरिएको छ। जम्मा सिञ्चित जमिनमध्ये करिब ३५ प्रतिशत जमिनमा मात्र वर्षभर सिँचाइ सेवा उपलब्ध गराइएको छ।

बाढीले विनास मात्र गर्दैन, जस्तै विनाशकारी प्रत्यक्ष प्रभाव, जीवन र सम्पत्तिको हानिसहित र उच्च अप्रत्यक्ष प्रभाव, घटेको उत्पादकता र जनस्वास्थ्यमा परेको प्रभावसँगै बाढीपछिका राहतमा गरिने तीव्र पुनर्निर्माणका कामले एकै समयमा केही फाइदा प्रदान गर्न सक्छ। आर्थिक उत्प्रेरणा, भारी वर्षाले बोकेर ल्याउने लेदो माटो उक्त उर्वर माटोले भूमि ढाकेर कृषि उत्पादनमा वृद्धि हुन्छ। विद्युत्का अतिरिक्त उत्पादन हुन्छ। एउटा अध्ययनले देशको कुल गार्हस्थ उत्पादन (जिडिपी) मध्य बाढीको घटनापछि करिब एक प्रतिशतले बढेको देखाएको छ। गोप

वैदेशिक व्यापार घाटा १४ खर्ब ४० अर्ब

भन्सार विभाग
GOVERNMENT OF NEPAL MINISTRY OF FINANCE DEPARTMENT OF CUSTOMS
CUSTOMS HOUSE

बिर्तामोड, साउन ८। गत आर्थिक वर्ष २०८०/८१ मा नेपालले कुल रु. १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु. १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख घाटा व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार कुल रु. १५ खर्ब ९२ अर्ब ९८ करोड ५५ लाखको वस्तु आयात गर्दा रु. एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको मात्रै निर्यात गरेको देखिएको हो।

विभागको तथ्याङ्कअनुसार अघिल्लो आवको तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घटेको छ। अघिल्लो आव २०७९/०८० मा नेपालले रु. १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको आयात र रु. एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको निर्यात गर्दा कुल वैदेशिक व्यापार रु. १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख पुगेको थियो।

अघिल्लो आवको वैदेशिक व्यापार घाटा रु. १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख बराबर थियो। अघिल्लो आवको तुलनामा गत आवमा आयात एक दशमलव १६, निर्यात तीन दशमलव ०३, समग्र वैदेशिक व्यापार एक दशमलव ३३ र वैदेशिक व्यापार घाटा शून्य दशमलव ९६ प्रतिशतले घटेको हो।

गत आवको आयात-निर्यात अनुपात १० दशमलव ४५ प्रतिशत बराबर छ। गत आवमा सबैभन्दा धेरै भारतसँग व्यापारघाटा देखिएको छ। भारतबाट रु. नौ खर्ब ९६ अर्ब ६८ करोडको वस्तु आयात हुँदा रु. एक खर्ब तीन अर्ब १७ करोड बराबर मात्रै निर्यात भएको छ। जसबाट भारतसँगको मात्र कुल व्यापार घाटा रु. आठ खर्ब ९३ अर्ब ५० करोड बराबर छ।

नेपालको अर्को छिमेकी मुलुक चीनसँग रु. दुई खर्ब ९६ अर्ब १८ करोड ६० लाख बराबर व्यापार घाटा छ। चीनबाट रु. दुई खर्ब ९८ अर्ब ७७ करोड बराबरको वस्तु आयात हुँदा रु. २५ अर्ब ८८ करोड बराबरको मात्रै निर्यात भएको हो। नेपालले बढी व्यापार घाटा व्यहोरेका मुलुकहरुमा संयुक्त अरब इमिरेट्स तेस्रो, युक्रेन चौथो र मलेसिया पाँचौं स्थानमा छ।

व्यापार नाफाको अवस्था हेर्दा नेपालले डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी नाफा देखिएको छ। गत आवमा नेपालले डेनमार्कबाट रु ३५ करोड ४५ लाख बराबरको वस्तु आयात गर्दा रु. ८२ करोड २१ लाख बराबरको निर्यात गरेको छ। जसबाट रु. ४६ करोड ७५ लाख व्यापार नाफा देखिएको हो।

बढी व्यापार नाफा देखिएका मुलुकमा अफगानिस्तान दोस्रो स्थानमा छ। गत आवमा नेपालले अफगानिस्तानबाट दुई करोड ७६ लाख बराबरको वस्तु आयात गर्दा रु. ४९ करोड ३६ लाख बराबरको निर्यात गरेको छ। जसबाट अफगानिस्तानसँग रु. ४६ करोड ६० लाख बराबरको व्यापार नाफा भएको छ।

गत आवमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ। विभागको तथ्याङ्कअनुसार गत आवमा रु. एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख बराबरको डिजेल, रु. ६८ अर्ब १० करोड २० लाखको पेट्रोल र रु. ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ। रु. ३९ अर्ब तीन करोड ४३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ। स्मार्ट फोन मात्र रु. २८ अर्ब ६६ करोड ६२ लाख बराबरको आयात भएको छ।

त्यस्तै, रु. २३ अर्ब ६५ करोड ३९ लाख बराबरको सुन आयात भएको छ। नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट, अलैंची, फलाम तथा स्टिलजन्य, जुसलगायत वस्तु छन्। गत आवमा नेपालले सबैभन्दा धेरै रु. १० अर्ब ५७ करोड २४ लाख बराबरको कार्पेट र रु. सात अर्ब ९३ करोड ८१ लाख बराबरको अलैंची निर्यात गरेको छ।

कोदोमा पनि विदेशीकै भर

बिर्तामोड, साउन ८। *पूर्वीनाका काँकरभिट्टाबाट कोदोको आयात अघिल्लो वर्षका तुलनामा वृद्धि भएको छ।*

प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरले २०८०/०८१ मा रु. ८५ करोड ४२ लाख ५६ हजार मूल्य बराबरको १७ हजार सात सय ९७ मेट्रिक टन कोदो भारतबाट आयात भएको जानकारी दिए।

उनका अनुसार आव २०७९/०८० मा रु. ५१ करोड ३१ लाख २० हजार मूल्य बराबरको १६ हजार ३५ मेट्रिक टन कोदो भारतबाट आयात भएको थियो। नेपालमा कोदो बाली उत्पादन घट्दै जाँदा भारतलगायत तेस्रो देशबाट कोदोको आयात बढेको सूचना अधिकारी ठाकुरले बताए। पूर्वी पहाडी जिल्लामा यथेष्ट उत्पादन हुने फर्सी बिक्री नहुँदा किसान गाई भैंसीलाई खोले पकाएर खुवाउँछन्। तर त्यही फर्सी बजारमा भने भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ। उनले सोही अवधिमा फर्सी मात्र रु. २१ करोड १४ लाख ८० हजारको १० हजार पाँच सय ७४ मेट्रिक टन आयात भएको जानकारी दिए।

उनका अनुसार गत एक वर्षमा रु. एक अर्ब दुई करोड २२ लाख ६० हजार मूल्य बराबरको ५१ हजार एक सय १३ मेट्रिक टन गोलभेँडा, रु. २९ करोड ५७ लाख ४० हजार मूल्य बराबरको १४ हजार सात सय ८७ मेट्रिक टन हरियो खुर्सानी पूर्वीनाका हुँदै भारतबाट भित्रिएको छ। सोही अवधिमा रु. ५७ करोड ७३ लाख ८० हजार मूल्य बराबरको २८ हजार आठ सय ६९ मेट्रिक टन करेला, रु. ३० करोड सात लाख ८० हजार मूल्य बराबरको १५ हजार २९ मेट्रिक टन भिन्डी र रु. १५ करोड ६७ लाख २० हजार मूल्य बराबरको सात हजार आठ सय ३६ मेट्रिक टन सिमी आयात भएको सूचना अधिकारी ठाकुरले जानकारी दिए।

पूर्वीनाकाबाट सोही अवधिमा रु. १३ करोड आठ लाख ४० हजार मूल्य बराबरको छ सय ९२ मेट्रिक टन प्याज, रु. २५ करोड ६५ लाख ६० हजार बराबरको १२ हजार आठ सय २८ मेट्रिक टन परवल, रु. ६७ करोड ७० लाख मूल्य बराबरको तीन हजार आठ सय ३५ मेट्रिक टन घिरौंला, रु. ११ करोड १७ लाख मूल्य बराबरको पाँच हजार पाँच सय ८५ मेट्रिक टन गाजर, रु. ३१ करोड ५० लाख मूल्य बराबरको एक हजार पाँच सय ७५ मेट्रिक टन स्कुस र रु. तीन करोड ८० लाख ४० हजार बराबरको एक हजार नौ सय दुई मेट्रिक टन तरुल भारतबाट आयात भएको तथ्याङ्कले देखाउँछ।

मधेसबाट हिमाली जिल्लासम्म उत्पादन हुने फापरसमेत भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ। सूचना अधिकारी ठाकुरका अनुसार एक वर्षमा रु. एक करोड ३५ लाख ८५ हजार मूल्य बराबरको दुई सय नौ मेट्रिक टन फापर, रु चार करोड ६१ लाख ७६ हजार मूल्य बराबरको एक हजार चार सय ४३ मेट्रिक टन मकै (पशु दाना) आयात भएको छ।

कार्यालयका अनुसार सोही अवधिमा रु. चार अर्ब ८७ करोड ६५ लाख १८ हजार बराबरको ९८ हजार तीन सय ९४ मेट्रिक टन फलफूल तथा चामल, रु १७ करोड २८ लाख २४ हजार बराबरको सात हजार दुई सय एक मेट्रिक टन र दलहन (गेडागुडी) रु दुई करोड ४० लाख ९६ हजार मूल्यको आयात भएको कार्यालयको तथ्याङ्कले देखाएको छ। भारतबाट आयातित तरकारीका कारण स्वदेशमा किसानले उत्पादन गर्दै आएको तरकारी बाली बजारमा बिक्री नभएको किसानको गुनासो छ।

फेसबुकमार्फत अश्लिल फोटो पठाउन दवाव दिएपछि ...

झापा, साउन ८। नाबालिकालाई सामाजिक सञ्जाल फेसबुकमा साथी बनाई अश्लील फोटो तथा भिडियो पठाएर सोही अनुरूपको क्रियाकलाप गर्न दबाब दिएको आरोपमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

आफूले भनेको नमाने सामाजिक सञ्जालबाट तस्बिर सार्वजनिक गरी दिन्छु भनी चरित्र हत्या गरेको भन्दै पीडित नाबालिकाकी आमाले साइबर ब्युरोमा निवेदन दिएपछि उनी पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा रौतहटको देवाही गोनाही नगरपालिका-१ घर भई हाल काठमाडौं- २८ बागबजार बस्ने जेएच अजवान रहेका छन्।

उनलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा काठमाडौं जिल्ला अदालतबाट दिन पाँच म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको प्रहरी उपरीक्षक दीपक राज अवस्थीले जानकारी दिए।

ब्राउन सुगरसहित दुई भारतीय कारोबारी पक्राउ

[redacted] [redacted]

झापा, साउन ८। भारतबाट लागू औषध ब्राउन सुगर भित्र्याउन खोज्ने दुई भारतीय कारोबारी पक्राउ परेका छन्।

मेचीनगर-६ स्थित काँकरभिट्टा बसपार्कमा लागूऔषध नियन्त्रण ब्युरो र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले दार्जीलिङ खोरीवारी थाना बस्ने २२ वर्षीय अब्बास राजग्र र सोही ठाउँ बस्ने २२ वर्षकै मफिजुद्दिन अन्सारीलाई लागूऔषधसहित पक्राउ गरेको हो।

उनीहरूको साथबाट प्लास्टिकबाहेक १० ग्राम ७४० मिलिग्राम ब्राउनसुगर फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

ताप्लेजुङमा सालकको उद्धार

जिल्ला प्रहरी कार्यालय

ताप्लेजुङ, साउन ८। ताप्लेजुङमा एक सालकको उद्धार गरिएको छ।

फुङ्लिङ नगरपालिका-७ ऐश्वर्या चोकको सडकबाट प्रहरीले सालकको उद्धार गरेको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमलकुमार लुङ्गेलीका अनुसार प्रहरी टोलीले सालकलाई उद्धार गरी जिल्ला प्रहरी कार्यालयमा ल्याएको थियो। सालकलाई उचित हेरचाह र स्थानान्तरण सुनिश्चित गर्न ताप्लेजुङस्थित डिभिजन वन कार्यालयलाई घटनाको बारेमा तुरुन्तै जानकारी गराइएको थियो।

मंगलवार उप-डिभिजन वन कार्यालयका कर्मचारीलाई सालक हस्तान्तरण गरिएको लुङ्गेलीले बताए। वन कार्यालयका कर्मचारीले सालकलाई उपयुक्त बासस्थानमा सुरक्षित फिर्ता गर्ने जनाएको छ। लोपोन्मुख मानिने सालकको अस्तित्व सुनिश्चित गर्नु सबैको कर्तव्य रहेको डिभिजन वन कार्यालय ताप्लेजुङले जनाएको छ।

डेंगु सम्बन्धी सचेतना

पथरी शनिश्चरे,साउन ८। मोरङको पथरी शनिश्चरे नगरपालिकामा डेंगु रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्तरक्रिया सम्पन्न भएको छ।

गरिब तथा सीमान्तकृत समुदायको स्वास्थ क्षेत्रमा कार्यरत विश्वास स्वास्थ्य परियोजना र सहारा पथरी शनिश्चरे नेपालको सहयोगमा नगरपालिकाको स्वास्थ्य शाखाद्वारा डेंगु रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको हो।

पथरी शनिश्चरे नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरु सरोकारवालाहरू सहित विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा डेंगु रोग सम्बन्धी जनचेतना अभिवृद्धि रोकथामका उपायहरू र समुदायस्तरमा गर्न सकिने प्रयासहरूका बारेमा छलफल भएको थियो।

अन्तक्रियामा पथरीशनिश्चरे नगरपालिका जनस्वास्थ्य शाखाका कर्मचारी जगत मगरले डेंगु रोगका बारेमा प्रकाश पारेका थिए। उनले गत वर्ष नगरमा ५ हजार २ सय ८९ जनाको डेंगु परीक्षण गर्दा १९०२ जना संक्रमित भेटिएको र एक जनाको मृत्यु भएको तथ्यांक प्रस्तुत गरेका थिए।

यसवर्ष हालसम्ममा एक जनामा मात्रै डेंगु संक्रमण पुष्टि भएको जनाइको छ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका प्रमुख डाक्टर सुरेश मेहताले डेंगु रोग र यसको रोकथाम तथा नियन्त्रणका बारेमा सहजीकरण गरेका थिए।

पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्वापोको अध्यक्षतामा आयोजित कार्यक्रममा उपप्रमुख देवीमाया काफ्ले, वडा नं १ का वडाध्यक्ष भीमकुमार राईसहित कार्यपालिका सदस्यहरुको समेत उपस्थिति रहेको थियो।

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००,
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
धार्मिक क्षेत्रमा मन जाने देखिन्छ। विद्यार्थी वर्गका लागि राम्रो दिन देखिएको छ। थालेका कार्यहरु सहजै पूरा होलान

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
स्वास्थ्यमा सामान्य गडबढी हुने देखिन्छ। थालेका कार्यहरु पूरा होलान्। यात्रको योग देखिएको छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, पृयजनसँग भेटहुने समय रहेको छ, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्चगर्नुपर्दा मन खिन्न भएर जानेछ,

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय शुभफलदायि रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा बिचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथी बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्ने छ मन हर्षित रहला।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -समय त्यती अनुकुल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
समय मिश्रित फलदायि छ, पेटसम्बन्धि समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहेनत गर्नुपर्ने योग छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
व्यापार व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -व्यपार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।